नेपाल सरकार
खानेपानी मन्त्रालय

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-
चलानी नं.:-

## मेलम्ची नदीको खानेपानी काठमाण्डौ उपत्यकामा पुनः वितरणको अवसरमा जारी प्रेस विज्ञप्ति

मुलुकको संघीय राजधानी काठमाण्डौ उपत्यकामा बसोबास गर्ने जनताको खानेपानीको माग पुरा गर्न ५० को दशकमा सन्त नेता पुर्व प्रधानमन्त्री स्व. कृष्ण प्रसाद भट्टराईज्यूले मेलम्ची नदीको पानी पथान्तरण गरी काठमाण्डौ उपत्यकासम्म ल्याउने परियोजना नेपाल सरकारले अगाडी बढाउने उद्घोष गर्नु भए बमोजिम यो आयोजनाले राष्ट्रिय गौरवको आयोजना स्वरुप ग्रहण गरेको हो।

आयोजना कार्यान्वयनको क्रममा विभिन्न परिवेश एवं परिस्थितिका कारणले यो आयोजना सम्पन्न गर्न दुई दशकभन्दा बढी समय लाग्न गए तापनि आयोजनाको करिव ९७ प्रतिशत भौतिक कार्य गत वर्ष नै सम्पन्न भई २०७७ साल चैत्र दोस्रो हप्तादेखि काठमाण्डौ उपत्यकामा खानेपानी वितरण कार्य शुरु गरिएकोमा सुरुङ परीक्षणका लागि पानी पथान्तरण बन्द गरिएकै दिन २०७८/०३/०१ गते बेलुकी मेलम्ची नदीमा आएको अकल्पनीय बाढी र पहिरोको कारण हेडवर्क्स र अन्य संरचनामा भएको क्षतिबाट आयोजना प्रभावित हुन पुग्यो।

यस प्रकार आयोजनाको हेडवर्क्स क्षेत्र र अम्बाथानको अडिट पोर्टल क्षतिग्रस्त भए तापनि सौभाग्यवस सुरुङ बन्द गरिएकै कारण सुरुङको मुख्य संरचना भने पूर्ण सुरक्षित रहेकाले हाल अस्थायी रुपमै भए पनि आजको १५ औं लोकतन्त्र दिवसको शुभ अवसरमा उपत्यकाबासीलाई मेलम्चीको खानेपानी पुनः खुवाउने साईत जुर्नु एउटा सुखद संयोग भएको छ।

मेलम्ची नदीको विकराल बाढी र पहिरोले २० देखि २४ मिटर तलसम्म पुरिएका हेडवर्क्स संरचना र अडिटपोर्टल खोतलेर एकातर्फ विमा रकम आकलन गरी दाबी गर्न आवश्यक थियो भने अर्कोतर्फ शिघ्रतिशिघ्र अस्थायी रुपमै भएपनि सुरुङ संरचनाको पुर्नपरिक्षणका साथ पानी पथान्तरण गरी उपत्यकामा पुनः खानेपानी वितरण गर्नका लागी यथाशिघ्र अध्ययन गराई थुप्रिएको नदीजन्य सामाग्री खोतलेर सफाई गर्न लागत आकलन सहितको तत्काल कार्य योजना मिति २०७८/०९/३० को नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट स्वीकृत भई कार्यान्वयनमा ल्याईएको थियो। हेडवर्क्स रहेको स्थानमा मेलम्ची नदीको चौडाई साँघुरो भएकाले दुई निर्माण व्यवसायी कम्पनीलाई समानान्तर रुपमा काममा लगाउँदा थप उल्झन र विवाद हुन जाने देखिएकाले साविकमा कार्यरत निर्माण व्यवसायी कम्पनी मार्फत काम सरल र छिटो हुन जाने विज्ञ

नेपाल सरकार

# खानेपानी मन्त्रालय

फोन नं.: ४२११४३३
फ्याक्सः ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल।

नेपाल सरकार खानेपानी मन्त्रालय सिंहदरबार

पत्र संख्याः-
चलानी नं.:-

प्राविधिकहरुको सल्लाह बमोजिम चिनिया निर्माण व्यवसायी सिनो हाइड्रो मार्फत क्षति पछिका थप कार्यहरु भेरिएसन आदेश जारी गरी जिम्मा दिइएकोमा सम्मानिय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूले मिति २०७८/१०/०७ मा देशबासीका नाममा सम्बोधन गरी मेलम्चीको पानी २०७८ चैत्र मसान्त भित्र पथान्तरण गरी वितरण गर्ने प्रतिबद्धता व्यक्त गर्नु भए बमोजिम पुनः वितरण गर्न सम्भव भएको हो।

यो राष्ट्रिय गौरवको आयोजनाको समस्या दिर्घकालीन रुपमा समाधानका लागी दातृनिकाय एसियाली विकास बैंक मार्फत भइरहेको जलाधार संरक्षण र नदी प्रणालीको भौगर्भिक अध्ययनको लागत अनुमान सहितको विस्तृत प्रतिवेदन प्राप्त भएपछि यस आयोजनको प्रथम चरणको क्षतिग्रस्त अवयवहरुको पुर्ननिर्माणको साथै दोस्रो चरणको याङ्ग्री र लार्के नदिको पानी पथान्तरण तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु र समग्र जलाधार क्षेत्रको संरक्षणको कार्य योजना बनाई दातृनिकाय सँगको सहयोग र समन्वयमा अघि बढाईनेछ।

आजको मितिबाट सुरु भएको मेलम्चीको खानेपानी पुनः वितरण भएपछि पनि पर्न आउने असामान्य परिस्थितिको निवारण गर्नका लागि खानेपानी मन्त्रालय, मेलम्ची खानेपानी विकास समिती, काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयको उच्च अधिकारीहरु सम्मिलित विभिन्न समितिहरु गठन भई परिचालन गरिएको छ। खानेपानीको थोक वितरण प्रणाली र पाईप सन्जालको परिक्षण र जाँचपासका लागि आयोजना कार्यान्वयन निर्देशनालय र काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडका संयुक्त टोलीहरु सवारी साधन र उपकरण सहित तम्तयार राखिएका छन। यसका लागि उच्चस्तरीय सहजीकरण समितिले गृह मन्त्रालय र भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयसँग समन्वय गरी सकेको छ। हाललाई खानेपानी वितरणको समय तालिका मिलाई प्रतिदिन १७ करोड लिटर खानेपानी उपत्यकामा वितरण गरिने छ। खानेपानी वितरणको समय तालिका विस्तृतरुपमा काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको वेभपेजमा अपडेट गरी खानेपानी परीक्षण सम्पन्न भई सकेका ४१० कि.मि. नयाँ वितरण लाईन र साविकको पुरानो पाईपलाईन दुबै सन्जालबाट वितरण गरिनेछ। वर्षादको समयमा मेलम्चीको सुरुङ बन्द गरी संरचना बचावट गर्नुपर्ने भएकोले सुन्दरीजल क्षेत्रबाट वागमतिको थप पानी प्रशोधन पश्चात खानेपानी वितरण गर्ने कार्यक्रम अगाडी बढाईनेछ। साथै काठमाण्डौ उपत्यकामा थप खानेपानी आपुर्ति बढाउन सिस्नेरी खोला र ठोस्ने खोलाको संम्भाव्यता अध्ययन समेत सुरु गरिएको छ।

कोरोना विश्व महामारीको वीच पनि मेलम्ची नदीको पानी पथान्तरण एवं वितरण कार्यमा अहोरात्र खट्ने मेलम्ची खानेपानी आयोजनाका प्राविधिकहरु, निर्माण व्यवसायी, आपुर्तिकर्ता, परामर्शदाता, आयोजना कार्यान्वयन

नेपाल सरकार

# खानेपानी मन्त्रालय

फोन नं.: ४२११४३३
फ्याक्सः ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-
चलानी नं.:-

निर्देशनालय, काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडका कर्मचारीहरु सबै धन्यवादका पात्र छन्। यो कार्यमा योगदान पुर्याउनु हुने सम्वन्धित सबैलाई मन्त्रालयले यथा समयमा कदर गर्ने नै छ। राष्ट्रिय गौरवको यस आयोजनाले लक्ष्य हासिल गर्न सहयोग पुर्याउनु हुने सवै तह र तप्काका व्यक्ति एवं सम्वद्ध निकायलाई मन्त्रालय धन्यवाद ज्ञापन गर्न चाहन्छ। यस आयोजनाका परिकल्पनाकार पुर्व प्रधानमन्त्री स्व. कृष्ण प्रसाद भट्टराईज्यूको सम्झना एवं सम्मानमा सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्र परिसरमा उहाँको पूर्णकदको सालिक स्थापना गर्ने नेपाल सरकार (मन्त्रीपरिषद्) बाट निणर्य भइसकेको व्यहोरा समेत जानकारी गराईन्छ।

धन्यवाद ।

**मितिः** २०७९/०१/११

**स्थानः** अन्तराष्ट्रिय सभा सम्मेलन केन्द्र, नयाँ बानेश्वर